## الدرس الثالث - نيبالي
### من سنن اللباس وآدابه

## पाठ - 3
### पोशाक लगाउनुको विधि र नितीशास्त्रहरू

१- नयाँ लुगा लगाउँदा एउटा मुस्लिमको लागि दुआ पढनु सुन्नत छ, अबु सइद अल खुद्रि ﷺ को हदीसमा छ कि रसूल ﷺ ले नयाँ लुगा अर्थात कुर्ता वा पगडि लगाउँदा त्यसको नाम लिएर यो भन्नु हुन्थे:

اللَّهُمَّ لَكَ الْحَمْدُ أَنْتَ كَسَوْتَنِيهِ أَسْأَلُكَ مِنْ خَيْرِهِ وَخَيْرِ مَا صُنِعَ لَهُ، وَأَعُوذُ بِكَ مِنْ شَرِّهِ، وَشَرِّ مَا صُنِعَ لَهُ

हे अल्लाह तपाई कै लागि सम्पूर्ण प्रशंसा छ, तपाईले यो लुगा मलाई पर्दान गर्नु भयो, म तपाई सित यसको कुशल्ता, राम्रो कुरा तथा जुन कारणले यो बनाइएको छ त्यसको राम्रो कुरा चाहन्छु, र यसको न राम्रो कुरा र जुन थोकको लागि यो बनाइएको छ त्यसको न राम्रो कुराबाट तपाइको शरण चाहन्छु (अबु दाउद- ४०२०)

२- लुगा लगाउँदा दायाँ तर्फबाट शुरु गर्नु सुन्नत छ, हजरत आइशाले भनेकि छिन्

كَانَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يُحِبُّ التَّيَمُّنَ مَا اسْتَطَاعَ فِي شَأْنِهِ كُلِّهِ، فِي طُهُورِهِ وَتَرَجُّلِهِ وَتَنَعُّلِهِ

«नबी ﷺ ले आफ्नो सबै कार्यमा दायाँ तर्फबाट शुरु गर्नु मन पराउँथे, पवित्रता प्राप्त गर्नुमा, कङघी गर्नुमा, र जुता लगाउनुमा» (बुखारी - ४२६,मुस्लिम २६८)

त्यस्तै जुता लगाउँदा पहिला दायाँ खुट्टामा लगाउने, र फुकालने समय पहिला बायाँ खुट्टाको जुता फुकालने, अबुहोरैरह ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

إِذَا انْتَعَلَ أَحَدُكُمْ فَلْيَبْدَأْ بِالْيُمْنَى، وَإِذَا خَلَعَ فَلْيَبْدَأْ بِالشِّمَالِ، وَلْيُنْعِلْهُمَا جَمِيعًا، أَوْ لِيَخْلَعْهُمَا جَمِيعًا

«तिमीहरु मध्ये यदि कोहि जुता लगाउँछ भने पहिला दायाँ खुट्टामा लगाउने, र यदि फुकालछ भने पहिला बायाँ खुट्टाको जुत्ता फुकालने र दुवै जुता लगाउने वा दुवै फुकालने» (बुखारी- ५८५५, हदीसमा एउटै खुट्टामा जुता लगाउनाले मनाहि गरिएको छ ।

३ - त्यस्तै एउटा मुस्लिमले आफ्नो लुगा र शरिरको सफाइ र पवित्रता प्रति ध्यान दिनु र त्यसको प्रयास गर्नु सुन्नत छ, किन भने हरेक प्रकारको श्रृंगार र सुन्दर्ताको आधार सफाइ नै हो, र इस्लामले शरिर र लुगाको सफाइ र त्यसको प्रर्यास गर्ने प्रति प्रेरित गरेको छ ।

४- सेतो लुगा लगाउनु उत्तम छ, इब्ने अब्बास ﷺ को हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो : الْبَسُوا مِنْ ثِيَابِكُمُ الْبَيَاضَ فَإِنَّهَا مِنْ خَيْرِ ثِيَابِكُمْ، وَكَفِّنُوا فِيهَا مَوْتَاكُمْ

तिमीहरु सेतो लुगा लगाउने गर, किन भने यो सबभन्दा उत्तम लुगा हो, र मृतक मान्छेहरुलाई पनि यही लुगामा कफन दिने गर» (अबुदाउद- ९१५)

तर सबै रंगको लुगा जायज छ ।

५- संतुलित र मध्ये खालको लुगा र श्रृंगार र सुन्दर्ताको सामाग्री प्रयोग गर्ने, अल्लाह तआलाले भन्नु भयो : ﴿وَالَّذِينَ إِذَا أَنْفَقُوا لَمْ يُسْرِفُوا وَلَمْ يَقْتُرُوا وَكَانَ بَيْنَ ذَلِكَ قَوَامًا﴾

कि यदि खर्चा गर्दछन भने न अपव्यय गर्छन नत कन्जुस्याइ बरु उनीहरु यी दुवैको बीचमा रहि संतुलित खर्चा गर्छन । र बुखारीमा हदीस छ कि रसूल ﷺ ले भन्नु भयो «तिमीहरु खान पीन गर, लुगा लगाउने गर, र दान गर, तर अपव्यय र घमण्डको बिना» ।